म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २८१ बिहीबार ११ जेठ २०८० ने. सं. ११४३ तछलाथ्व 25 May 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**कर्मचारी आवश्यकता**

यस मकवानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

D Pharma - २ जना
B Pharma - २ जना
**तलब:** आपसी समझदारीमा निर्धारण गरिनेछ ।

**सक्षम औषधी पसल/अग्रिम औषधी पसल**
**मकवानपुर सहकारी अस्पताल**
हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४४१२७००९

### विनियोजित विधेयकमाथि छलफल:

## सांसदहरुले के भने ?

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/बागमती प्रदेश सरकार आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि बजेट निर्माणमा जुटेसँगै प्रदेशसभामा प्रस्तुत विनियोजन विधेयक-२०८० का सिद्धान्त र प्राथमिकतामाथि छलफल पनि सुरु भएको छ ।

बजेट अधिवेशनको मंगलबार बसेको पहिलो बैठकमा सरकारका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामाले प्रदेशसभामा विनियोजन विधेयक-२०८० का सिद्धान्त र प्राथमिकता पेश गरेका थिए । विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताको क्षेत्र (करबाहेक) सम्बन्धी प्रस्ताव पेस गरेपछि बुधवार सांसदहरुले विधेयकमाथि आ-आफ्नो धारणा राखेका छन् । विनियोजित विधेयक २०८०/८१ को सिद्धान्त र प्राथमिकतामा दफावार छलफल भएको हो ।



विनियोजित विधेयकमाथि सांसदहरु कृष्णप्रसाद सिलवाल, तारानाथ श्रेष्ठ, मायादेवी शर्मा, आनन्दमोहन श्रेष्ठ, कुमारी तामाङ, डा. दिनेशचन्द्र देवकोटा, भरतबहादुर केसी, रामप्रसाद ढुंगानालगायत सत्तापक्ष र प्रतिपक्ष दलका सांसदहरुले धारणा राखेका थिए । सांसदहरुले प्रदेशको १३ वटै जिल्लालाई समेटिने गरी कृषि उत्पादन, फलफूल, मौसमी तरकारी खेतीलाई आत्मनिर्भर तुल्याउन दीर्घकालीन गुरुयोजना तर्जुमा गर्नुपर्ने सुझाएका थिए । उनीहरुले विनियोजित बजेटको सिन्द्धान्तलाई केवल प्रचारमूखी मात्र नगरी जनताको जीवनस्तरलाई माथि उठाउन सक्ने बजेट निर्माण गर्नुपर्नेमा जोड दिए ।

उनीहरुले ग्रामीण बस्तीमा विद्युतीकरण, खानेपानी, कृषि सडक, स्वास्थ्यचौकीको निर्माण गर्न र शैक्षिक गुणस्तरीय दक्ष जनशक्ति उपलब्ध गराउने, सुकुम्बासी र अवस्थित बसोबासीलाई लालपुर्जा, रोजगारीको अवसर र विपन्न कृषकलाई अनुदान, पशुपालन, कृषि उत्पादनको लागि ऋण उपलब्ध गराउन पनि सरकारले छुट्टै कार्यक्रम ल्याउनुपर्ने माग गरेका छन् । प्रदेशको १३ जिल्लाको १ सय १९ वटै स्थानीय निकायलाई अझ प्रभावकारी ढंगबाट परिचालन गरी सर्वसाधारणलाई सेवा सुविधा सहज ढंगबाट उपलब्ध गराउनेखालको बजेट निर्माण गर्न सुझाव दिएका छन् ।

हाम्रो नेपाली पार्टी बागमती प्रदेश संसदीय दलका नेता शैलेन्द्रमान बज्राचार्यले प्रदेश सरकारले समग्र रुपमा समानुपातिक विकासमा जोड दिनुपर्ने बताए । काठमाडौंको हनुमानढोका क्षेत्रमा २४ सै घण्टा चुस्त सुरक्षा व्यवस्था मिलाएर पर्यटकको आगमनमा सहजता प्रदान गर्नुपर्ने उनको माग छ । विश्व सम्पदा सूचिमा रहेका स्थानहरु देशको आर्थिक क्षेत्रको मेरुदण्ड रहेकाले त्यसलाई व्यवस्थित बनाएर पर्यटक भित्राउनु पर्ने उनले बताएका छन् । सो क्षेत्रको सुरक्षा व्यवस्था चुस्त बनाउन सकेको खण्डामा १० गुणासम्म पर्यटक वृद्धि गर्न सकिने उनको भनाई छ । सांसद बज्राचार्यले उत्पादन र पर्यटनमा गरेको लगानीले कुनै व्यक्तिभन्दा पनि राज्यलाई नै फाइदा पुग्ने बताए ।

सरकार जोड घटाउको अंक गणितमा अड्किनुभन्दा पनि नागरिक लक्षित कार्यक्रमहरु ल्याएर विकास र समृद्धिमा अग्रसर हुनुपर्ने उनले बताए । सांसद विमल ठकुरीले काठमाडौं निर्वाचन क्षेत्र नम्बर ३ कर्णाली जस्तै विकट रहेकाले सरकारले प्राथमिकताका साथ बजेट विनियोजन गर्नुपर्ने बताए । ठकुरीले सो क्षेत्रका नागरिकहरु विकासको अनुभूत गर्नबाट वञ्चित रहेको दाबी गरे । विकासमा पछाडि परेको काठमाडौं निर्वाचन क्षेत्र नम्बर ३ लाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम ल्याउनु पर्ने उनको माग छ । यहाँ सडक, खानेपानी, यातायात सुविधाको अवस्था अत्यन्त कमजोर रहेको ठकुरीको दाबी छ ।

नेमकिपाका बागमती प्रदेश संसदीय दलका नेता सुरेन्द्रराज गोसाइले सरकारले कति आकारको बजेट ल्याउने भन्दा पनि कस्तो प्रकृति र व्यवहारको बजेट ल्याउने भन्ने विषय महत्वपूर्ण भएको बताए । उनले प्रदेशसभाको ६ महिना अवधिमा संसदीय समितिलाई पूर्णता दिन नसक्नु लज्जाको विषय भएको बताए । उनले सांसदलाई नै असफलतातर्फ धकेलेको आरोप लगाएका छन् । गोसाईले प्रदेशसभाको भवन पटक-पटक म्याद थप हुँदा पनि अझै सम्पन्न हुन नसकेको भन्दै रोष्टम नछोड्ने भन्दै विरोध गरेपछि सभामुख भुवनकुमार पाठकले प्रदेश सभाको निर्माणाधीन भवन यसैवर्ष भित्र सम्पन्न गर्न सरकारलाई निर्देशन दिएका छन् । *बाँकी पृष्ठ-३.....*

## चिठ्ठा विधेयकमा प्रदेश प्रमुखको सन्देश के छ ?

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/ बागमती प्रदेश सरकारले ल्याएको प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई लिएर टिक्का टिप्पणी जारी छ ।

'कालो धनलाई सेतो बनाउन' मद्दत पुऱ्याउने आरोप लागेको उक्त विधेयकलाई लिएर प्रदेश सांसदहरुले प्रदेशसभा बैठकमै प्रश्न उठाएका छन् । विधेयक प्रमाणीकरण हुन नसकेर पुन: प्रदेशसभामै पुन: विचारका लागि फिर्ता आएपछि प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि अनेकौं टिक्का टिप्पणी सुरु भएको हो । प्रदेश प्रमुख यादवचन्द्र शर्माले विधेयक पुन:विचारका लागि प्रदेशसभामै फिर्ता पठाइदिएको जानकारी मंगलबारको प्रदेशसभा बैठकमा सभामुख भुवनकुमार पाठकले गराएका थिए । सभामुख पाठकले प्रदेश प्रमुखले पठाएको ३ पृष्ठ लामो सन्देश पनि पढेर सुनाएका थिए ।



शर्माको सन्देशमा चिठ्ठा विधेयकले सम्पत्ति सुद्धिकरण र गैरकानुनी तरिकाबाट आर्जन गरेको धन लुकाउन सक्ने ठूलो जोखिम देखाएको उल्लेख छ । 'एक गैरकानुनी कार्यसँगै सम्पत्ति शुद्दीकरणसम्वन्धी अपराध, संगठित अपराध तथा ठगी अपराध हुने देखिन्छ ।', सन्देशमा भनिएको छ । शर्माले जोखिमको निराकरण तथा नियन्त्रण सम्वन्धमा प्रभावकारी व्यवस्था हुनु उपयुक्त रहेको भन्दै पुन:विचार हुन आवश्यक रहेको औंल्याएका छन् । प्रदेश प्रमुखले फिर्ता पठाएको ऐन पढेर सुनाउँदै सभामुखले भने, 'संघीय चिठ्ठा ऐनसँग प्रतिकुल हुनुहुँदैन । अवैध/कालो धन सुद्धिकरण हुने जोखिम भएकोले सो हुन नदिन प्रभावकारी व्यवस्था गर्नुपर्ने देखिन्छ । कस्ता संस्था अनुमति लिन योग्य/अयोग्य हुनेछन् । त्यस्तै कस्ता व्यक्तिले चिठ्ठा लिन नपाउने हो सो सम्वन्धमा स्पष्ट व्यवस्था गरिनु उपयुक्त हुन्छ ।',

चिठ्ठा संघ र प्रदेशको साझा अधिकारको विषयमात्र नभई यससँग सम्पत्ति शुद्दीकरण र संगठित अपराधको विषयसमेत जोडिन सक्ने भएकोले अन्तराष्ट्रिय जगतको चासों र चिन्तासमेत रहने सन्देशमा भनिएको छ । संघीय सरकार तथा आमसरोकारवाला विज्ञहरुको समेत राय परामर्शसहित विधेयकले ऐनको रुप ग्रहण गर्न सकेमा ऐनको कार्यान्वयनको प्रभावकारिता हुने प्रदेश प्रमुखको सन्देशमा उल्लेख छ । प्रदेशसभावाट पारित यस विधेयकको दफा १३ को उपदफा (१) मा 'चिठ्ठा सम्बन्धी प्रचलित संघीय ऐन बमोजिम कसूर हुने विषय बाहेक कसैले यो ऐनमा उल्लेखित अन्य विषयको विपरित हुने कुनै कार्य गरेमा मन्त्रालयले त्यस्तो व्यक्तिलाई दश हजार रुपैयाँदेखि एकाउन्न हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ' भन्ने व्यवस्था गरिएको छ भने संघीय ऐनको (चिठ्ठा ऐन, २०२५) दफा ७ मा-कसैले यो ऐन वर्खीलाप कुनै काम गरेमा निजलाई विगो जफत गरी विगो वमोजिम जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुनेछ भन्ने व्यवस्था रहेको छ । *बाँकी पृष्ठ-३....*

Hetauda School of Management and Social Sciences

"कडा अनुशासन, स्तरीय शिक्षा"



CONGRATULATIONS!
RACHIN KALAKHETI
on your well-deserved success!

Let's honour and celebrate the incredible achievement of our former student Mr Rachin Kalakheti who completed 10+2 (Science Stream) from HSM in 2077. Mr Kalakheti, currently studying at Standford University, USA on a full scholarship, has received an **Rs. 32.5 Crore ($2.5 Million) investment** for his Blockchain startup named CEDRO FINANCE.

साझाकुरा

## हाम्रो कुरा

# करको दर होइन, दायरा बढाउ

नेपालको संविधान २०७२ मा स्थानीय सरकारको अधिकारको रुपमा स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्टेशन शुल्क, सवारीसाधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर ( मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन गर्न पाउने उल्लेख गरिएको छ । अहिले स्थानीय तहमा कर संकलनको बिषयमा तीब्र बहस सुरु भएको छ । तर, कर संकलनमा अध्ययन नै नगरी हचुवाको भरमा बिगतमा लगाइको दरहरुमा नै थप गर्ने तयारी भइरहेको छ । दायरा फराकिलो बनाउने बिषयमा अध्ययन गर्नका लागि लगानी गर्ने तयारी कुनैपनि स्थानीय तहले गरेका छैनन् । एकात्मक सरकार संघीय राज्यमा विभक्त हुँदा एकअर्काबीचको राजश्व बाँडफाँटको विषय पनि सबैभन्दा जड विषयको रुपमा प्रस्तुत हुने सम्भावना छ ।

मालपोत, भूमिकर, मनोरञ्जन कर, विज्ञापन कर, व्यवसाय कर, डुंगागिट्टी बालुवा, केवलकार, गाढालगायतका कर, पार्किङ शुल्क लिन सक्ने व्यवस्था छ । कुनैपनि राज्यको आयको सबैभन्दा ठूलो र भरपर्दो स्रोत भनेको नै नागरिकबाट संकलन गरिने राजश्व हो । यस्तो अवस्थामा अहिलेको संविधानले तोकेअनुसार भन्ने हो भने ७ वटा प्रदेशमा मुलुकलाई स्वायत्त राज्यको रुपमा विभाजन गर्दा झनै राजश्वको झमेला बढी हुने देखिन्छ । संघीय संरचनामा राजश्व बाँडफाँटको स्थिति कस्तो हुने भन्ने विषयमा परामर्श दिनको लागि अघिल्लो सरकारले उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग गठन गरेको थियो । यतिबेला स्थानीय सरकारले चातुर्यतापूर्वक र स्पष्ट भएर मात्रै निर्णय गर्नुपर्ने अवस्था छ । कतिपय मुलुकले अहिलेसम्म पनि राज्यशक्तिको स्रोतको स्वामित्वको विषयमा झमेलाको समाना गनुपरेको छ । कुनैपनि राज्यको मुख्य स्रोत नै राजश्व हो । त्यसैले पनि आम्दानीको स्रोतमाथि केन्द्र, प्रादेशिक र स्थानीय गरी तीनवटै सरकारले आफ्नो दाबी गरिरहेका छन् । त्यसैले यसको कार्यान्वयनमा जानुअघि स्पष्ट रुपमा खाका तयार पारेर मात्रै अघि बढ्नु बुद्धिमानी हुन्छ । धेरै संघीय राज्यले कुन कर कुन सरकारले उठाउने भन्ने विषयमा पहिले नै स्पष्ट प्रावधान नबनाउँदा पछि राज्य आफैं त्यही झमेलाको शिकार बन्छ । कतिपय मुलुकमा देखिएको दुई तहको कर लगाउने पद्धतितर्फ भने सरकार समयमा नै गम्भीर बन्नुपर्ने हुन्छ । विश्वव्यापी रुपमा कर प्रणालीलाई आधुनिक र व्यवस्थित गर्दै लैजाने प्रक्रिया अनुरुप नेपालले पनि आधुनिक प्रणाली अवलम्बन गरेको छ । सन् १९९० को दशकदेखि विश्वव्यापीकरण तथा उदारीकरणको प्रभाव, डब्लूटीओ, साफ्टा, बिमस्टेक लगायतका अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय संगठनहरुसँगको आवद्धतासँगै विश्व कर प्रणालीको बदलिंदो स्वरुपसँगै नेपालको कर प्रणाली पनि आधुनिक बन्दै गइरहेको छ । छिमेकी देश भारतले करमा एकरुपमा ल्याउनका लागि केही वर्ष अघि बस्तु तथा सेवा कर (जीएसटी) लागू गरेको थियो ।

नेपालले २०५४ सालमा लागू गरेको मूल्य अभिवृद्धि कर नै अहिले राजस्वको सबैभन्दा ठूलो स्रोतको रुपमा रहेको छ । अर्कोतर्फ हेर्ने हो भने आयकर ऐन २०५८, अन्तसुल्क ऐन २०५८, भन्सार ऐन २०६४ कार्यान्वयनमा रहेको छ । जसका कारण अन्तरराष्ट्रिय व्यापार सहजीकरण, सामाजिक सुरक्षा एवम् राजस्व संकलनमा ठूलो सघाउ पुगेको छ । तीव्र आर्थिकवृद्धि जरुरी रहेको नेपाल जस्तो मुलुकको लागि करको दायरा विस्तार, आर्थिक क्रियाकलापमा स्वच्छता र पारदर्शिता, अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याउने, गतिशील अर्थतन्त्र निर्माण गर्नको लागि लगानीमैत्री, दिगो, भरपर्दो, विश्वसनीय र समतामूलक कर प्रणालीको विकास गर्नु जरुरी छ । स्थानीय तहले निर्धारण गर्ने कर सर्बसाधारणका लागि बोझको रुपमा नभइ स्वतस्फुर्त रुपमा तिर्न सक्ने हुनु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० जेष्ठ १२ गते शुक्रबार २६ मे २०२३ । सप्तमी, जेष्ठ शुक्लपक्ष । तछलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:१२, सूर्यास्त ६:५१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : यात्राबाट नोक्सान हुनेछ | तुला | : मनोरञ्जन प्राप्त हुनेछ |
| वृष | : घाउचोट लाग्न सक्नेछ | वृश्चिक | : व्यापारबाट लाभ मिल्नेछ |
| मिथुन | : जग्गा जमिनबाट लाभ हुनेछ | धनु | : स्वास्थ्योपचारमा खर्च हुनेछ |
| कर्कट | : सोचेभन्दा बढी खर्च हुनेछ | मकर | : मानसिक असन्तुष्टि बढ्नेछ |
| सिंह | : मित्रतामा कमी आउनेछ | कुम्भ | : ज्ञानगुनका कुरा जान्न पाइनेछ |
| कन्या | : कामको जिम्मेवारी बढ्नेछ | मीन | : काम अपुरै रहने देखिन्छ |

# अर्थतन्त्र सुधारका लागि कस्तो नीति, कस्तो कार्यक्रम ?



✍ मनिकर कार्की

**हामी सदैव न्यून उत्पादन र आयातमुखी अधिक उपभोगको समस्यामा जेलियौं। इतिहासमा कुनै बेला ५:१ को अनुपातमा रहेको निर्यात आयातको अनुपात अहिले १:१० को अनुपातमा उल्टिएको छ। हामी मानवीय श्रम निर्यात गरी वस्तु आयात गरिरहेका छौं।**

हालै सरकारका तर्फबाट राष्ट्राध्यक्षले संघीय संसदमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरे । नीति तथा कार्यक्रममार्फत अर्थतन्त्रको पुनरुत्थान, सुशासनको प्रत्याभूति, विकास निर्माणमा तीव्रता, सेवा प्रवाहमा सरलीकरण, सामाजिक न्याय एवं राष्ट्रिय हितको संरक्षण र प्रवर्द्धनलाई मुख्य लक्ष्य घोषणा गरेको सरकारले क्षेत्रगत रूपमा उत्पादन वृद्धि गर्दै रोजगारी बढाउने नीति लिएको छ ।

त्यस्तै 'न्यायपूर्ण नेपाल निर्माण'लाई सर्वोपरि लक्ष्य घोषणा गर्दै मुलुकको आर्थिक एवं सामाजिक रूपान्तरणका लागि नीतिगत प्राथमिकताको रूपमा सरकारले संविधान र संघीयता कार्यान्वयनलाई प्रभावकारी बनाउने, अर्थतन्त्रको संरचनागत सुधार गर्ने, सार्वजनिक खर्चमा मितव्ययिता ल्याई पूँजीगत खर्च वृद्धि गर्ने कुरालाई जोड दिएको छ ।

सामाजिक र आर्थिक रूपान्तरणको दीर्घकालीन सोच सहितको समतामूलक एवं समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि १६औं आवधिक योजना तर्जुमा गर्ने घोषणा गरेको सरकारले यसअघिको १५औं आवधिक योजनासम्मको कार्यान्वयनको समीक्षामा भने उतिसारो ध्यान दिएको छैन ।

नयाँ योजना तर्जुमा गर्दैगर्दा विगतका योजनाहरूले लक्ष्य अनुरूपको प्रतिफल दिए कि दिएनन् ? भन्ने कुराको वस्तुनिष्ठ समीक्षा जरूरी हुन्छ । विगतका कार्ययोजनाहरूबाट आर्थिक, सामाजिक रूपान्तरण किन हुन सकेन ? अब कस्तो आर्थिक तथा सामाजिक कार्यक्रममार्फत त्यस्तो समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण हुनेछ ? भन्ने विषयमा भने सरकारले कुनै स्पष्ट दृष्टिकोण पस्किन सकेको देखिँदैन ।

त्यस्तै सरकारले एकातिर आर्थिक तथा प्रशासनिक सुधारको विस्तृत योजना ल्याउन सकेको छैन भने अर्कोतिर अर्थतन्त्रको पुनर्संरचनाका कुरा पनि शब्दमा मात्रै सीमित हुने देखिन्छ । किनकि पुनर्संरचना कहाँ र किन भन्ने प्रश्न नै अनुत्तरित छ ।

क्षेत्रगत रूपमा सरकारले कृषिको उत्पादन र उत्पादकत्व वृद्धिका लागि जग्गा चकलाबन्दी, टोलटोलमा नमूना सामूहिक खेती प्रवर्द्धन गर्ने टोल, वडा हुँदै पालिकालाई उत्पादन विशिष्ट क्षेत्रको रूपमा विकास गर्ने जस्ता योजना सार्वजनिक गरेको छ । तर, यो देशमा खेती कसले र किन गर्ने ? यही प्रश्नको यथोचित उत्तर भेटिँदैन । किसानले खेती किन गर्ने ? तीव्र बसाइँसराइका कारण गैरकृषिजन्य पेशातर्फ आकर्षित नयाँ पुस्तालाई कृषि पेशाप्रति कसरी आकर्षित गर्ने ? किसानको हक, हित, सुरक्षा र सम्मान कसरी बढ्छ ? यसतर्फ भने खासै प्रष्टता देखिएको छैन ।

नेपालको कृषि उत्पादन र उत्पादकत्वको कुरा गर्दा छुटाउनै नहुने विषय हो भूमिको उपलब्धता । यहाँ जो कृषिकर्ममा संलग्न छन्, उनीहरूसँग जमिन छैन । गैरकृषकले जमिन ओगटेर बसेका छन् । अनि व्यावसायिक कृषिका कुरा गर्ने प्राय: कृषि क्षेत्रमा उदाएका दलाली मात्रै देखापर्छन् । खास किसानले न त बजार नै पाउँछ, न त उत्पादित उपजको मूल्य नै । यसको समाधान कसरी गर्ने ?

कृषि उत्पादनमध्ये आधारभूत खाद्यान्न हो कि तरकारीजन्य वा अन्य नगदेबाली हो ? कृषि उत्पादनका लागि मलखाद, बीउ, सिंचाइ इत्यादिको आपूर्ति कसरी व्यवस्थापन गर्ने ? जमिनको उपलब्धतालाई कसरी सुनिश्चित गर्ने ? आवासको समस्यालाई कसरी समाधान गर्ने ?

घरघडेरीको नाउँमा जमिन टुर्क्याउने परम्परा देशव्यापी रूपमा विद्यमान नै छ । के टुक्रा जमिन होल्ड गर्ने संस्कार परिवर्तन गर्न संभव छ ? टुक्रा जमिन होल्ड नगर्नका लागि सुरक्षित, व्यवस्थित एवं सुलभ आवासको प्रबन्ध खै ? अनि घरघडेरीकै मूल्यमा पुगेको महँगो कृषि जमिन खरिद गरेर किसानले कसरी उत्पादन गर्न सक्छ ?

यसर्थ, कृषिको कुरा गर्दा भूमिको उपयोगिता बारेको नीति स्पष्ट रूपमा लागू हुनुपर्छ । सरकारले बाँझो जमिनमा युवालक्षित सहकारी खेती प्रवर्द्धन गर्ने भनेको छ, तर, युवालाई कृषिमा आकर्षित गर्ने उपाय के हो ? अहिलेसम्म सहकारी खेतीको सफल उदाहरण कहाँ छ ? यसको बेन्चमार्क के हो ? यी यावत् प्रश्न आफैंमा ऐतिहासिक उल्झनको रूपमा निरुत्तरित छन् । एउटा सत्य के हो भने जबसम्म कृषि कर्म गर्नका लागि सर्वसुलभ रूपमा जमिनको उपलब्धता हुँदैन, कृषिका कुरा केवल कागजी दस्तावेजमै सीमित हुनेछ ।

त्यसैगरी सरकारले स्वदेशी उत्पादनलाई प्रवर्द्धन र उपयोग गर्ने नीति अवलम्बन गर्ने घोषणा गरेको छ । यस्ता उत्पादनका लागि सहुलियत दरमा बीउ पूँजी उपलब्ध गराउने घोषणा पनि गरेको छ, जुन नयाँ स्टार्ट अपहरूका लागि निकै सकारात्मक कुरा हो । तर, यसको उपयोगमा सन्देह छ । किनकि विगतमा पनि यस्ता धेरै घोषणा केवल कागजी कार्यक्रम साबित भएका छन् ।

सरकारले साना उद्यमी र व्यवसायीलाई संरक्षण गर्ने, सानो स्केलमा हुने उत्पादनको एकीकृत बजार प्रवर्द्धन गर्ने नीति र कार्यक्रम ल्याउनु जरूरी छ । साथै साना व्यवसाय र उद्यमीहरूलाई झन्झटिलो आर्थिक प्रशासनबाट मुक्त गराई सहज नवीकरण र कर छुटको व्यवस्था गर्न जरूरी छ ।

सरकारले रोजगारी सिर्जनाका लागि लामो समयदेखि बन्द र रुग्ण अवस्थामा रहेका उद्योगहरूलाई संचालन गर्ने घोषणा गरेको छ । पुन: संचालनको संभावना रहेका हेटौंडा कपडा उद्योग, गोरखकाली रबर उद्योग र बुटवल धागो कारखानालाई संचालनमा ल्याउने उद्घोष गरिएको छ । तर, यस्तो घोषणा नयाँ भने होइन । विगतमा पनि पटक-पटक यिनै उद्योग पुन: संचालन गर्ने घोषणा गरिएका थिए । तर, घोषणा कार्यान्वयन हुन सकेन ।

वास्तवमा यी उद्योगहरू पुन: संचालनको योजना बनाउँदै गर्दा अब यिनका लागि आवश्यक कच्चा पदार्थको सहज र नियमित आपूर्तिको संभावना पनि पहिल्याउनु आवश्यक छ । यिनमा जडित प्रविधि र मेसिनका कलपुर्जाहरूको हालको अवस्था कस्तो छ ? के यिनीहरूबाट उत्पादित सामानले खुल्ला बजारसँग प्रतिस्पर्धा गर्न सक्छन् ? उत्पादित सामानको बजार को सुनिश्चितता कसरी निर्धारण हुन्छ ? यी र यस्ता अनेकन् विषयमा मिहिन विश्लेषण जरूरी हुन्छ ।

यदि लागत र प्रविधिको हिसाबमा रुग्ण उद्योगहरू संचालनले तुलनात्मक लाभ दिन सक्दैन भने ती उद्योगहरू सदाका लागि विघटन गर्नुको विकल्प रहँदैन । किनकि उपभोक्ता भावनामा चल्दैनन् । बजारको नियम अनुसार उत्पादित वस्तुले गुणस्तर र मूल्यमै प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ । के पुन: संचालनमा ल्याउने भनिएका उद्योगहरूबाट उत्पादित सामानले गुणस्तर र मूल्यमा प्रतिस्पर्धा गर्न सक्छन् ?

सरकारले मुलुकको आर्थिक विकास र सांस्कृतिक रूपान्तरणका लागि राष्ट्रिय युवा नीतिमा पुनरावलोकन गरी मर्यादित श्रमसहितको रोजगारीको सुनिश्चितता गर्ने घोषणा गरेको छ । 'युवासँग सरकार, हुने छैनन् बेरोजगार' अभियान संचालन गरी दुई वर्षभित्र पाँच लाख थप आन्तरिक रोजगारी सिर्जना गर्ने घोषणा गरेको छ ।

तर, यो सरकारी घोषणा केवल नीति कार्यक्रममै सीमित हुने स्पष्ट छ । किनकि त्यसरी रोजगारी सिर्जना गर्ने आधारबारे भने नीति तथा कार्यक्रममा कुनै प्रष्टता छैन । वास्तवमा सर कार आफैंले रोजगारी सिर्जना गर्न पनि सक्दैन । सरकारले अगाडि सारेका योजना अनुरूप निजी क्षेत्र र समुदायले आर्थिक गतिविधि बढाउँदै जाँदा रोजगारीका अवसरहरू सिर्जना हुने हो । सरकार आफैंले दिने रोजगारी त निकै सीमित हुन्छ ।

सरकारले भ्रष्टाचार विरुद्धको अभियानलाई सघन बनाएर राज्यका सबै तह र संरचनामा भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी अनियमितता, भ्रष्टाचार, कर छली, कृत्रिम अभाव, कालोबजारी, व्यावसायिक एकाधिकार जस्ता सुशासनविरोधी क्रियाकलाप रोक्ने उद्घोष गरेको छ ।

यसका लागि विद्यमान संरचना अन्तर्गतको राष्ट्रिय सतर्कता केन्द्रलाई सक्रिय बनाउने र जनगुनासो उजुरी सम्बोधन गर्ने संयन्त्र निर्माण गर्ने कुरा उल्लेख गरेको छ । तर, यो भ्रष्टाचार र अनियमितताको विषय यति पेचिलो बनेको छ कि यसलाई मौजुदा संयन्त्रको क्षमताले सम्बोधन गर्नै सक्दैन ।

सरकारले यदि साँच्चिकै भ्रष्टाचार न्यूनीकरण गर्ने हो भने कर्मचारीतन्त्रकै पुनर्संरचना गर्नुपर्ने आवश्यकता देखिन्छ । त्यसैगरी ठूला भ्रष्टाचारका काण्ड र उच्चपदस्थ कर्मचारी एवं राजनीतिक नेतृत्वको मिलेमतोमा हुने नीतिगत बृहत् लुट (ग्रान्ड लार्सनिङ) जस्ता गतिविधिको सूक्ष्म र यथार्थ अनुसन्धान र तहकिकातका लागि शक्तिशाली संयन्त्र निर्माण गर्नु जरूरी हुनेछ ।

समग्रमा सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रमले धेरै क्षेत्रहरूलाई समेट्ने प्रयत्न गरेको देखिन्छ । सरकारले नियमित रूपमा सबैलाई खुशी पार्ने गरी नीति कार्यक्रम ल्याएको छ । तर, यसको कार्यान्वयनका लागि र अहिलेको आर्थिक संकटको अवस्थाबाट सामान्य हुँदै समृद्धिमा लैजाने विशेष योजनाको खाका भने प्रस्तुत गर्न सकेको छैन ।

साथै सरकारले यी सबै नीति कार्यक्रममा समावेश गरिएका गतिविधि समेट्नका लागि स्रोतको पहिचान गर्न सकेको छैन । राजस्व आम्दानीले चालु खर्चसमेत धान्न धौ-धौ परेको वर्तमान अवस्थामा विकास खर्चका लागि स्रोत व्यवस्थापन कसरी हुन्छ ? यो अहम् प्रश्न भएको छ ।

राजस्वका अलावा बाफय अनुदान र सार्वजनिक ऋण नै स्रोत व्यवस्थापनका औजार हुन् । बाफय अनुदान दाताको इच्छा र क्षमतामा निर्भर हुने हुँदा त्यसबारेको पूर्व आकलन यथार्थमा परिणत नहुन पनि सक्छ । तथापि नेपालको अर्थतन्त्रमा विगत पाँच दशकदेखि वैदेशिक अनुदानको हिस्सा राम्रै देखिन्छ, पछिल्ला वर्षहरूमा अनुदान घट्दै र ऋण बढ्दै गएको छ ।

तर, हाम्रो अर्थतन्त्रको आन्तरिक तथा बाफय ऋण लिने क्षमता पनि घट्दै गएको छ किनकि वर्तमानमा कुल गार्हस्थ्य उत्पादनमा ऋणको अनुपात ४१.५ प्रतिशत पुगेको छ । अहिलेको यो थ्रेसहोल्ड आफैंमा अधिक हो । अनि पछिल्लो ३२ वर्षको कुल सार्वजनिक ऋण र राष्ट्रिय उत्पादनको सम्बन्ध हेर्दा सार्वजनिक ऋणको योगदान उल्लेखनीय देखिएको छैन ।

सरकारले नीति कार्यक्रममा सार्वजनिक ऋणको अधिकतम प्रतिफल प्राप्त हुने गरी ऋण उपयोग गर्न ऋणको आयोजनागत विनियोजन गरिने उल्लेख गरेको छ तर, बाफय ऋण प्राप्तिको आधार हाम्रो आवश्यकता र प्राथमिकता भन्दा दाताको रुचि र शर्त हुने गरेकाले आवश्यकता अनुरूप बाफय ऋण उठाउने अवस्था रहँदैन । जस्तै प्रस्तावित चिनियाँ बीआरआईको ऋण हामीले आफ्ना जारी आवश्यकतामा प्रयोग गर्न सक्दैनौं ।

आन्तरिक ऋणको सवालमा सरकारले योजना अनुरूप खर्च गर्न सम्भव छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांक अनुसार अघिल्लो वर्षको कुल रु.९८४ अर्बको आन्तरिक ऋणमा रु.६२० अर्ब (६३.०३ प्रतिशत) दीर्घकालीन विकास ऋणपत्र एवं रु.३५४ अर्ब (३६.०२ प्रतिशत) अल्पकालीन ट्रेजरी बिलको हिस्सा रहेको थियो । जबकि दुई दशकअघि अर्थात् सन् २००२ को आन्तरिक ऋणको संरचनामा १२.५८ प्रतिशत दीर्घकालीन विकास ऋणपत्र एवं ५५.८३ प्रतिशत अल्पकालीन ट्रेजरी बिल रहेको थियो ।

यसबाट नेपाल सरकारले आन्तरिक ऋणको संरचनामा अल्पकालीन ऋणलाई दीर्घकालीन ऋणपत्रले विस्थापन गर्दै गएको देख्न सकिन्छ । तथापि नेपाली अर्थतन्त्रको आकार, उत्पादन र उपभोगको अवस्था तथा कुल राष्ट्रिय आय र बचतका आधारमा आन्तरिक ऋण संकलनको अवस्था निर्भर रहने हुँदा सरकारले चाहेजति अनुपातमा आन्तरिक ऋण जारी गर्न सक्ने अवस्था भने छैन ।

अर्कोतर्फ, नेपालका विकास परियोजनाहरूको छनोटमा सबैभन्दा बढी समस्या छ । हाम्रासामु योजनाको तर्जुमा, छनोट र निर्माण समुदायको आवश्यकता र अपरिहार्यतामा भन्दा पनि मूलत: राजनीतिक नेतृत्वको लहड र सनकमै हुने गरेका प्रशस्त उदाहरण छन् । जसका कारण ठूलो धनराशि खर्च गरेर सम्पन्न हुने परियोजनाको बृहत् सामुदायिक लाभ हुनसकेको देखिंदैन ।

नेपालमा पछिल्लो समय निर्माण भएका दुई अन्तर्राष्ट्रिय विमानस्थल, चोभारको सुख्खा बन्दरगाह, बुटवल र लुम्बिनीका दुई ठूला अन्तर ाष्ट्रिय सम्मेलन केन्द्रहरू, ललितपुर गोदावरीको सभाहल, गुल्मीको आन्तरिक विमानस्थल लगायत देशभर निर्माणाधीन भ्यूटावरजन्य ठूला संरचनाहरूको निर्माणमा भएको समय, स्रोत र त्यसले अर्थतन्त्रमा सिर्जना गर्ने अतिरिक्त मूल्यमा निकै ठूलो अन्तरविरोध पैदा भइरहेको छ ।

यसो भन्दै गर्दा सरकारले गर्ने हरेक निर्माणले तत्कालै लाभ नदिए पनि पूर्वाधारमा गरिने लगानी भविष्यमुखी हुने र त्यसले भविष्यमा पक्कै लाभ पुर्‍याउने तर्क गर्न सकिन्छ । तथापि हामीसँग भएको सीमित स्रोतसाधनलाई तत्कालीन आवश्यकता अनुरूप अपरिहार्य क्षेत्रमा लगायौं भने भविष्यमुखी ठूला परियोजना विस्तारै निर्माण गर्न पनि सकिन्छ । किनकि भोकाएको क्षण खेती गर्नेभन्दा खानाको प्रबन्ध गर्ने योजना नै बढी प्रभावकारी हुन्छ ।

सरकारका नीति कार्यक्रम अक्सर हाइरार्कीकल रूपमा वितरणमुखी हुने गरेका छन् । विकास र समृद्धिको योजना पनि उस्तै माथिल्लो तहले तल्लो तह हुँदै जनतालाई दिने वस्तुको रूपमा परिभाषित छ । आखिर विकास भनेको जनतालाई स्वतन्त्र बनाउने कुरा पनि हो । सीमित अवसरमा बाँच्न विवश जनतालाई बृहत् अवसरमा स्तरोन्नति गरिदिने प्रक्रिया हो ।

यसै सन्दर्भमा भारतीय मूलका अर्थशास्त्री अमर्त्य सेनले विकासलाई मान्छेको स्वतन्त्रता प्राप्तिको उद्देश्यसँग जोड्नुपर्ने तर्क गरेका छन् । उनी विकासलाई 'मान्छेलाई सीमित अवसरमा बाँच्न विवश पार्ने सबै प्रकारका अस्वतन्त्रता हटाउने प्रक्रिया' को रूपमा व्याख्या गर्दछन् ।

तर, हामीले स्थापना गरेको विकासको भाष्यले विनिमयको प्रक्रियालाई नै इंगित गर्दछ । अझ विगतको विकासको दृष्टान्त हेर्ने हो भने त त्यो विनिमयमा जनताको श्रम र स्रोतको उपयोग नै हुँदैनथ्यो । त्यो विनिमय कुनै विदेशी दातृ निकाय, संस्था वा मुलुकले हाम्रो घरआँगनीमा आएर गरि दिने काम हो । विकासलाई अमर्त्य सेनले भनेजस्तो स्वतन्त्रतासँग जोड्नु त परै जाओस्, यसलाई सामान्य नागरिकको दैनिकी र आवश्यकतासँग जोड्ने चेष्टा पनि भएन । त्यसैले विगतमा विकास बरालियो ।

नेपाली अर्थतन्त्रको मुख्य समस्या भनेकै संरचनागत अवरोध हो । हामीले विगतमा कहिल्यै पनि आफ्नो आवश्यकता र प्राथमिकता निर्धारण गरेनौं । कसरी विकास र समृद्धि हासिल गर्ने हामीले कुनै योजना बनाएनौं । हरेक परियोजनाको संभाव्यता, योजना, लागत, निर्माण र त्यसको लाभग्राहीको बृहत् अध्ययन कहिल्यै भएन ।

हामी सदैव न्यून उत्पादन र आयातमुखी अधिक उपभोगको समस्यामा जेलियौं । इतिहासमा कुनै बेला ५:१ को अनुपातमा रहेको निर्यात आयातको अनुपात अहिले १:१० को अनुपातमा उल्टिएको छ । यसर्थ, निरन्तर बढ्दो आयात र घट्दो निर्यातको असन्तुलन अर्को समस्या हो । वैदेशिक व्यापारमा पनि पर्याप्त विविधीकरण हुन नसक्नु र भारतसँगको परनिर्भरता बढ्नु पनि हाम्रो वैदेशिक व्यापारको जटिलता हो ।

त्यस्तै राष्ट्रिय अर्थतन्त्रमा उत्पादनशील क्षेत्रहरूको योगदान घट्दै जानु, श्रम बजारमा अवसर नहुनु, प्रत्येक वर्ष थपिँदै जाने श्रमशक्ति आन्तरिक बजारमा खपत नहुँदा विदेशिन बाध्य पर्नु, बढ्दो महँगी र कमिशनतन्त्र, भ्रष्टाचार र आर्थिक अनियमितता बढ्दै जानु, चालु खर्च बढ्दै जानु र पूँजीगत खर्च न्यून हुनु अरू थप समस्या हुन् ।

जनसांख्यिकीय संरचना अनुसार नेपाल अहिले जनसांख्यिकीय लाभको अवस्थामा छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले हालै सार्वजनिक गरेको राष्ट्रिय जनगणना २०७८ को विवरण अनुसार १० वर्ष वा सोभन्दा बढी उमेरका २ करोड ३९ लाख ५८ हजार ८६८ जना व्यक्तिहरूमध्ये १ करोड ५६ लाख ८९ हजार ७७७ जना (६५.५ प्रतिशत) आर्थिक रूपले सक्रिय जनसंख्या रहेको छ । सोही विवरण अनुसार १५-५९ वर्ष उमेर समूहको जनसंख्या ६१.९६ प्रतिशत रहेको छ भने १५-४० वर्ष उमेर समूहको युवा जनसंख्या ४२.५६ प्रतिशत रहेको छ, जुन अघिल्लो जनगणना भन्दा २.२१ प्रतिशतले बढी हो ।

अर्थात् नेपालमा विद्यमान जनसांख्यिकीय बनावट अनुसार युवा जनशक्ति बढ्न जाँदा जनसांख्यिकीय लाभको अवस्था विद्यमान छ । अबको कम्तीमा तीन दशकसम्म कुल जनसंख्याको आधा बढी काम गर्न सक्ने उमेर समूहको जनसंख्या रहनेछ र त्यसपछि क्रमश: बुढ्यौलीको संख्या बढ्नेछ । तर, दुर्भाग्य सरकारले यो लाभको अवस्थालाई मुलुकको आर्थिक, सामाजिक रूपान्तरणमा लगाउन सकेको छैन । काम गर्ने उमेर समूहका मान्छेहरू बेरोजगार बस्नु परिरहेको छ ।

त्यसैगरी जलविद्युत्को उत्पादन र ऊर्जा संकटको अवस्था बीच तादाम्यता मिलाउन सकिएको छैन । बर्खाको समयमा क्षमता अनुरूप उत्पादन हुँदा बिजुली खेर जाने र सुख्खायाममा निर्धारित क्षमताको ४० प्रतिशतभन्दा कम उत्पादन हुने हुँदा कायम रहने ऊर्जा संकटको दिगो समाधान हुनसकेको छैन । नेपालले खासगरी भारतसँग ऊर्जा व्यापारमा स्पष्ट र दिगो समझदारी निर्माण गर्नु आवश्यक छ । बर्खामा आन्तरिक उपभोगबाट बच्ने सबै विद्युत् भारतलाई बेच्ने र सुख्खायाममा यहाँ उत्पादन कम हुँदा आवश्यक पर्ने विद्युत् भारतबाट खरिद गर्ने प्रणालीको प्रबन्ध जरूरी छ ।

अर्थतन्त्रको गति केवल वैदेशिक रोजगारीमा आधारित रेमिट्यान्स आयले नै धानेको छ । अर्थात् हामी मानवीय श्रम निर्यात गरी वस्तु आयात गरिरहेका छौं । यसर्थ, नेपालको सन्दर्भमा अब हामीले कस्तो किसिमको विकास मोडेल अवलम्बन गर्ने ? कस्तो नीति ल्याउने ? कस्ता औजारहरू उपयोग गर्ने ? र अर्थतन्त्रको कुन कुन क्षेत्रलाई प्राथमिकतामा राख्ने ? भन्ने विषयमा बृहत् राष्ट्रिय समझदारी निर्माण गर्न ढिला भइसकेको छ ।

हामीले मूलत: दाताहरूको प्रेस्क्रिप्सनकै आधारमा आर्थिक नीति निर्माण गर्‍यौं । हामीले आफ्नो आवश्यकता र प्राथमिकता नै तोक्न सकेनौं । अरू कसैले हाम्रो समस्या सम्झाइदिनुपर्ने, आवश्यकता तोकिदिनुपर्ने स्थिति रहन गयो । त्यसैले अब देशको आर्थिक नीतिमै हेरफेर गर्नु जरूरी देखिएको छ । त्यसकारण अब स्थानीय आवश्यकतामा आधारित आर्थिक गतिविधिलाई प्रोत्साहित गर्दै विकासको प्रक्रियामा आम सहभागितालाई जोड दिनुपर्छ ।

मानवशास्त्री डा. मेरी डेसनको तर्क छ- 'नवउदारवादी आर्थिक परिवर्तनले समुदाय र वातावरणमा पनि परिवर्तन ल्याउँदै यसले संसार भरि मानिसहरूलाई विस्थापित गर्दै फोहोर बस्ती र वेश्यालयतर्फ धकेल्छ, र यसले स्थानीय ज्ञान, संगठित हुने स्थानीय काइदा र स्थानीय कृषिका प्रविधिहरूलाई बेवास्ता गर्छ ।'

हो, अब हामीले पनि परिकल्पना गरेको आर्थिक एवं सामाजिक रूपान्तरणका लागि स्थानीय आवश्यकताको पहिचान गर्नु अति आवश्यक छ । सोसँगै स्थानीय एवं रैथाने ज्ञान, सीप, क्षमता, स्रोतसाधनलाई आर्थिक सबलीकरणको माध्यम बनाउनै पर्छ । अनि विकासको प्रक्रियामा आम नागरिकको दैनिकीलाई जोड्नै पर्छ । यसका लागि स्थानीयताकेन्द्रित आर्थिक, सामाजिक, सांस्कृतिक एवं पर्यावरणीय कार्यक्रमहरू लागू गर्नु जरूरी हुनेछ । *(स्रोत: अनलाइनखबर)*

# सुजीत र डीना उत्कृष्ट खेलाडी

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/ मकवानपुरकी डीना गोपाली र काठमाडौंका सहनचन्द्र शाहले जारी बागमती प्रदेश खेलकुदअन्तर्गत एथ्लेटिक्सको १०० मिटर दौडमा स्वर्ण जितेका छन् । हेटौडास्थित पिप्ले क्याम्पा रंगशालामा बुधबार सम्पन्न एथ्लेटिक्समा सय मिटर दौडमा महिलामा डीनाले र पुरुषमा सहनचन्द्रले स्वर्ण जितेका हुन् ।

सहनचन्द्रले ११.८६ सेकेन्ड र डीनाले १४.१९ सेकेन्ड समय लगाए । पुरुषमा चितवनका आशिष राउत र मकवानपुरका गौरव मोक्तानले क्रमश: रजत र कांस्य पदक जिते । महिलामा भने भक्तपुरकी स्वागता खाइजुले रजत र चितवनकी रोजिना गुरुङले कांस्य पदक जिते ।

दश हजार मिटर दौडमा महिलातर्फ सिन्धुपाल्चोककी निनु तामाङले स्वर्ण जितिन् । उनले ४७.१ मिनेट समयमा जित निकालिन् । दोलाखाकी सोनु घोतानेले रजत र धादिङकी लक्ष्मी थापाले कांस्य पदक प्राप्त गरिन् । यसै विधाको पुरुषमा सिन्धुपाल्चोकका मिगमार सिङ्गीले ३६ मिनेट दुई सेकेन्डका साथ स्वर्ण जिते । काठमाडौंका धर्म महर्जन र पवनकुमार साह क्रमश: रजत र कांस्य पदक जित्न सफल भए ।

महिला ४०० मिटर दौडमा रामेछापकी भगवती खड्काले स्वर्ण जितिन् । उनले एक मिनेट ९ सेकेन्डमा दूरी पूरा गरिन् । ललितपुरकी रजिना दुलालले रजत र नुवाकोटकी आस्था राईले कांस्य पदक जिते । यसै विधाको पुरुषमा चितवनका अमृत बोटले ५४.१३ सेकेन्डका साथ स्वर्णपदक प्राप्त गरे । काभ्रेका प्रदीप माझीले रजत र सिन्धुलीका कर्णवीर अधिकारीले कांस्य पदक जिते ।

चार सय मिटर रिलेमा महिलामा भक्तपुर, चितवन र दोलखा शीर्ष तीन स्थानम रह्यो । पुरुषमा भने सिन्धुलीले स्वर्ण जित्दा चितवन र मकवानपुरले क्रमश: रजत र कांस्य जिते । पुरुष ट्रिपल जम्पमा चितवनका सुजित महतोले स्वर्ण जिते । उनी १३.१९ मिटर उचाईमाथि उफ्रिए । चितवनकै सुदीप महतोले रजत र सिन्धुलीका रोशनकुमार दनुवारले कांस्य पदक पाए ।

महिलामा भने चितवनकी आसिका गुरुङले ९.६७ मिटर उचाई उफ्रिदै स्वर्ण प्राप्त गरिन् । काभ्रेकी विजया गुरुङले रजत र प्रनिशा महतोले कांस्य पदक जिते । जाब्लिङ थ्रोको महिलामा चितवनकी अप्सरा श्रेष्ठले ३०.५० मिटरटाढा फ्याक्दै स्वर्ण जितिन् । रामेछापकी अनिता आले रजत र चितवनकी दिना सुनार कांस्य पदक जित्न सफल भए । पुरुषमा पनि चितवनकै दीपेश महतोले सफलता पाए । उनले ४९.४० मिटर पर फ्याके । मकवानपुरका सुमन योञ्जनले रजत र नुवाकोटका रुपेश राईले कांस्य पदक जिते ।

पुरुषमा चितवनका सुजीत महतो र महिलामा मकवानपुरकी डीना गोपाली उत्कृष्ट खेलाडी घोषित भए । सुजीतले तीन स्वर्ण र एक र जत पदक जिते । डीनाले दुई स्वर्ण र एक रजत जिते । प्रतियोगितामा चितवन १३ स्वर्ण, सात रजत र ९ कांस्यसहित टिम च्याम्पियन भयो । त्यस्तै सिन्धुपाल्चोक दोस्रो हुँदा पाँच स्वर्ण, एक रजत र एक कांस्य जित्यो । रामेछाप र मकवानपुर संयुक्त रुपमा तेस्रो भयो । दुवैले समान तीन स्वर्ण, तीन रजक र दुई कांस्य पदक जिते ।

**ब्याडमिन्टन : सिंगल्समा राजु र रिहानालाई स्वर्ण**

चितवनका राजु गरन्जा र काठमाडौंकी रिहाना शेरचनले जारी दोस्रो बागमती प्रदेश खेलकुदअन्तर्गत ब्याडमिन्टनको सिंगल्समा स्वर्ण जितेका छन् ।

हेटौंडा उपमहानगर पालिका- ११ स्थित थानाभन्याङमा सम्पन्न फाइनलमा डिफेन्डिङ च्याम्पियन राजुले पुरुष सिंगल्स र रिहान्नाले महिला सिंगल्समा स्वर्ण जितेका हुन् । राजुले फाइनलमा चितवनकै निसान गुरुङलाई २१-१० र २१-५ ले हराए । रिहान्नाले भने स्वर्ण भिडन्तमा काठमाडौंकी मनिषा खड्कालाई २१-५ र २१-६ ले हराइन् । मकवानपुरकी आयुश्मा नेपालले कांस्य पदक जितिन् । उनले धादिङकी बबिता पुरीलाई १९-२१, २१-१३ र २१-१६ ले हराइन् ।

पुरुषतर्फ काभ्रेका आशिष तामाङले कांस्य पदकको प्रतिस्पर्धामा धादिङका अस्बिन थापामगरमाथि २१-५ र २१-६ को जित निकाले । महिला डबल्समा रामेछापकी सोमा गुरुङ र संगीता तामाङको जोडीले स्वर्ण जिते । यो जोडीले फाइनलमा ललितपुरका श्रेया बज्रचार्य र राहिता शाक्यमाथि २१-१७ र २१-१६ को जित रचे । काठमाडौंकी मनिषा खड्का र रिहान्ना शेरचनको जोडीले कांस्यपदक प्राप्त गरे । पुरुष डबल्समा ललितपुरका ससिन डंगोल र संगीता तामाङको जोडीले सफलता पाए । यो जोडीले फाइनलमा धादिङका लक्ष्मण मल्ल ठकुरी र राम मल्ल ठकुरीको जोडीलाई २१-१२ र २१-१६ ले हराए ।

यो विधामा चितवनका राजु गर्जा र सुरोज गुरुङले कांस्य पदक जिते । मिक्स डबल्समा भने मकवानपुरका अभिशेक बोस र आयुश्मा नेपालको जोडीले स्वर्णपदक प्राप्त गरेका छन् । यो जोडीले फाइनलमा धादिङका अस्बिन थापामगर र रुबिना थापामाथि २१-४ र २१-१८ को सहज जीत निकाले । धादिङका राम मल्ल ठकुरी र निस्था श्रेष्ठको जोडीले कांस्यपदक जिते । पाँच विधामा प्रतिस्पर्धा भएको ब्याडमिन्टनमा ५७ खेलाडी सहभागी थिए ।

**फुटबल : सिन्धुली र काठमाडौं फाइनलमा**

सिन्धुली र काठमाडौं दोस्रो बागमती प्रदेश खेलकुदअन्तर्गत महिला फुटबलमा बुधबार फाइनलमा प्रवेश गरेका छन् । गौरीटार रंगशालामा भएको सेमिफाइनलमा सिन्धुलीले नुवाकोटलाई ३-० गोलले पराजित गऱ्यो । सिन्धुलीका सचना लो, सेमिका परियार र बिटिशा बम्जनले १-१ गोल गरे । अर्को सेमिफाइनलमा काठमाडौंले चितवनलाई २-० गोलले हरायो । विजयी टिमका लागि एलिना तामाङ र सरस्वती ऐरले गोल गरे । फाइनल बिहीबार २:०० बजे हुनेछ ।

**जुडो : सात स्वर्ण छिनोफानो**

दोस्रो बागमती प्रदेश खेलकुदअन्तर्गत जुडोको पहिलो दिन बुधबार सात स्वर्णको छिनोफानो भएको छ । पुरुषमा ३ र महिलामा ४ स्वर्णको टुंगो लागको छ । काठमाडौंको खुशिबुँस्थित बहुउद्देश्यीय मार्सल आर्ट केन्द्र (एमएमएसी) को हलमा भएको प्रतियोगिताको पुरुष ६० केजीमुनि ललितपुरका ताराबहादुर भुजेलले ललितपुरकै सचिन वाइबा, ७३ केजीमुनि ललितपुरका राजु शर्मा बदाइले रसुवाका सुनिल नगरकोटी र काभ्रेका प्रवीणकुमार दियालीले नुवाकोटका प्रमोद तामाङलाई पराजित गरी स्वर्ण जिते ।

महिला ४८ केजीमुनि ललितपुरकी निशा श्रेष्ठले काभ्रेकी सुस्मिता नेपाली, ५७ केजीमुनि नुवाकोटकी अन्जु पाण्डेले काठमाडौंकी विनु गुरुङ, ५२ केजीमुनि ललितपुरकी देवकीमाया श्रेष्ठले भक्तपुरकी सकुन सुनुवार र ६३ केजीमुनि सिन्धुपाल्चोककी सुनिता ढकालले ललितपुरकी रेखा श्रेष्ठलाई हराउदै पहिलो स्थान हात पारे ।

**खड्काद्वय रेफ्री सेमिनारमा**

नेपालका अशोक खड्का र कोसिशबहादुर खड्काले अजर वैजानमा भएको १३८ औं क्योरुगी इन्टरनेसनल रेफ्री सेमिनारमा सहभीगता जनाएका छन् । चार दिने सेमिनार गत आइतबार सुरु भएर बुधबार सम्पन्न भएको हो । विश्व तेक्वान्दोले अजरवैजान तेक्वान्दो महासंघसँगको संयोजनमा आयोजना गरेको सेमिनारअन्तर्गत रिफ्रेसर कोर्समा विश्व तेक्वान्दो रेफ्रीका अध्यक्ष एम्ले मोरस र पारा रेफ्रीका अध्यक्ष चारकोर चालभाटले सहभागीलाई प्रशिक्षण दिएका थिए ।

नेपालको प्रतिनिधित्व गरेका रेफ्री अशोकले उनीहरुले मुख्यत विश्व तेक्वान्दोका नयाँ नियमबारे प्रशिक्षण दिएको जानकारी दिए । उनका अनुसार कार्यक्रममा विश्वक तेक्वान्दो च्याम्पियन्सीप अजरवैजानको बाकुमा हुने तय पनि गरिएको छ ।

# चिट्ठा विधेयकमा....

यस विधेयकमा भएको व्यवस्थाले उल्लिखित संघीय ऐनको व्यवस्थाको प्रतिकूल कार्य गर्ने व्यक्तिलाई चिट्ठाको माध्यमबाट जतिसुकै रकम ठगी गरे पनि प्रदेश कानुनले ५१ हजार रुपैयाँसम्म जरिवाना र संघीय कानूनले ६ महिनासम्म कैद गर्न सक्ने छ । तसर्थ चिट्ठा ऐन, २०२५ बमोजिम नै विगो जफत र जरिवाना हुने व्यवस्था समेत गर्न उपयुक्त हुने देखिएको प्रदेश प्रमुखको सन्देशमा जनाइएको सभामुखले बताएका छन् । 'दफा ४ को उपदफा (२) मा प्रदेश र स्थानीय तह दुवैले अनुमति दिन सक्ने व्यवस्था रहेकोमा सो व्यवस्थाले दुवै प्रदेश र स्थानीय तहले अनुमति दिन सक्ने व्यवस्था देखियो । जसले गर्दा ऐनको प्रभावकारी कार्यान्वयनमा समस्या आउने देखिन्छ । स्थानीय तहले अनुमति दिन सक्ने व्यवस्था मात्रले नियमन प्रभावकारी हुन सक्दैन ।', सन्देशमा उल्लेख छ ।

प्रदर्शनीस्थल, क्लब वा सोसाइटी जस्ता ठाउँमा स्थानीय तहले चिट्ठा अनुमति दिन पाउने व्यवस्था अमूर्त रहेको जनाइएको छ । त्यस्तै संघीय ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम प्रमुख जिल्ला अधिकारी मार्फत नेपाल सरकार गृह मन्त्रालयबाट चिट्ठा संचालन गर्नको लागि अनुमति लिनु पर्ने व्यवस्था रहेको छ भने स्थानीयस्तरमा प्रमुख जिल्ला अधिकारीले अनुमति दिन सक्ने व्यवस्था रहेको छ । एउटै कार्य फरक-फरक निकायबाट हुने देखिएकोले यो समस्या निराकरणका लागि संघसँग सहकार्य हुन उपयुक्त देखिने सन्देशमा भनिएको छ ।


चिट्ठा खोल्न अनुमति पाउने संस्थाको बागमती प्रदेशभित्रकै हुनुपर्ने, चिट्ठा वितरण हुने क्षेत्र, एक चिट्ठाको मूल्य अधिकतम कतिसम्म हुन सक्ने, अनलाईन बिक्री वितरण गर्न नपाईने, चिट्ठा सञ्चालन गर्ने र चिट्ठा लिने व्यक्तिको व्यक्ति विवरण, एक व्यक्तिले कतिवटासम्म चिट्ठा काट्न पाउने, बालबालिकालाई चिट्ठा बिक्री गर्न नपाइने, प्रदेशमा बसेका विदेशी नागरिकलाई चिट्ठा बिक्री गर्न पाईने वा नपाईने, अनुमति लिएको स्थानीय तह तथा अर्को प्रदेशमा गई वा पठाई चिट्ठा विक्रि वितरण गर्न नहुने, कसरी चिट्ठालाई जुवा, क्यासिनोमा रुपान्तरण हुन नदिई सम्पत्ति सुद्धिकरण, ठगी तथा संगठित अपराध हुन सक्ने जोखिमबाट मुक्त गर्दै सामाजिक हित र कल्याणमा उपयोग गर्न सकिनेतर्फ विधेयक लक्षित हुनुपर्ने देखिएको शर्माले भनेका छन् ।

चिट्ठालाई व्यवसाय जस्तो गरी छुट दिन नहुने जनाइएको छ । प्रदेशका सवै बासिन्दाले संस्था खडा गरी चिट्ठा संचालन गर्न अनुमति लिन सक्ने जसरी खुकुलो व्यवस्था गर्न नहुने शर्माले जनाएका छन् । चिट्ठालाई व्यवसाय बनाई त्योबाट कर उठाउने ध्येय मात्र नराखी केवल समाजिक हित, कल्याण र यसको प्रभावकारी नियमनतर्फ परिलक्षित हुनपर्ने र संघीय ऐनमा जस्तै पुरस्कार नगदमा दिने व्यवस्था निरुत्साहित गर्नुपर्ने प्रदेश प्रमुख शर्माले औंल्याएका छन् । 'चिट्ठा बिक्री वितरण गर्ने र नगदमै पुरस्कार दिँदा सम्पत्ति सुद्धिकरण हुन सक्ने विषयमा सजग हुनुपर्दछ । नेपालको संविधान बमोजिम चिट्ठा संघ र प्रदेशको साझा अधिकारको सूचीमा पर्दछ । साझा अधिकारको सूचीमा पर्ने विषय भएकोले प्रदेशले कानून बनाउन सक्ने भएतापनि हाम्रो संविधानले परिकल्पना गरेको सहकारिता, सहअस्तित्व र समन्यवको सिद्वान्तलाई विर्सन हुँदैन ।', सन्देशमा भनिएको छ, 'चिट्ठा संघ र प्रदेशको साझा अधिकार सूचीमा परेता पनि अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ को उपदफा (१) संग सम्वन्धित अनुसूची-१ बमोजिम चिट्ठामा लगाईने कर नेपाल सरकारले लगाउने गैरकर भित्र पर्दछ । त्यसकारण पर्याप्त छलफल, संघ सरकारसँग समन्वय गर्दै सहकार्यबाट बिधेयक अगाडि बढाउन उपयुक्त देखिन्छ ।,'

चिट्ठा संचालन गर्न क-कसले नपाउने र कस्ता संस्थाले पाउने व्यवस्था गरिनु उपयुक्त देखिने सन्देशमा भनिएको छ । 'चिट्ठा कोष कसले सञ्चालन गर्छ स्पष्ट हुनुपर्ने देखिन्छ । दफा ६ को उपदफा (३) को २५ प्रतिशत बाँकी रकम वा कुल रकमको हो सो स्पष्ट हुनुपर्ने देखिन्छ । अनुसूची-१ निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु को क्र.सं. १ मा अनुमतिपत्रको प्रतिलिपि भनिएकोमा उक्त अनुमतिपत्र के को हो खुलाउनु पर्ने । संघीय कानूनमा भएको व्यवस्था प्रदेशको विधेयकमा भएको व्यवस्था जोखिम छ । कसैले यो ऐन वर्खीलाप कुनै काम गरेमा निजलाई विगो जफत गरी विगो वमोजिम जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुनेछ । (चिट्ठा ऐन, २०२५ को दफा (७) चिट्ठा सम्वन्धी प्रचलित संघीय ऐन बमोजिम कसूर हुने विषय बाहेक कसैले यो ऐनमा उल्लिखित अन्य विषयको विपरित हुने कुनै कार्य गरेमा मन्त्रालयले त्यस्तो व्यक्तिलाई दश हजार रुपैयाँदेखि एकाउन्न हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ । (दफा १३(१) न्यून सजाय र जरिवानाले सम्पत्ति शुद्दीकरणलाई प्रश्रय दिने ठगी बढ्ने छ ।', सन्देशमा भनिएको छ ।

चिट्ठा ऐन, २०२५ को दफा (३) को उपदफा १(ख) मा कुनै परोपकारी वा सार्वजनिक हित सम्बन्धी कार्यको सहायतार्थ खोलिएकोमा वाहेक अरु चिट्ठाको पुरस्कार नगदमा हुने छैन । दफा ६ को उपदफा (द्द) मा चिट्ठा खोल्दा चिट्ठा विक्री भई प्राप्त भएको कुल रकम मध्येबाट कम्तीमा ५० प्रतिशत मूल्य वरावरको नगदी वा जिन्सी पुरस्कार स्वरुप भुक्तानी वा वितरण गर्नु पर्नेछ । नगदमा पुरस्कार दिँदा संघीय कानूनको प्रतिकुल हुने तथा अवैध कालो धन सुद्धिकरण हुन सक्ने, सम्पत्ति सुद्धिकरण ऐन, २०६४ को दफा २(ञ) (ठ) चिट्ठा, बाजी वा संयोगका आधारमा हारजित हुने गरी खेलिएका खेलको आधारमा गरिने भुक्तानी दिने वा लिने (भन्ने व्यवस्था भएकोमा) कुनै व्यवस्था नभएको कानुनको सहायतामा संरक्षित कालो धन सुद्धिकरण हुन सक्ने सन्देशमा औंल्याएको हो ।

# पशुपतिनाथ माविमा इसीडी शिक्षकलाई तालिम




साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/ सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तरको तीब्र बहस भइरहेको समयमा मनहरी गाउँपालिकाको पशुपतिनाथ माविमा शिशुकक्षा शिक्षण गर्ने शिक्षकलाई तालिम दिन सुरु गरिएको छ । बालबालिकाको शैक्षिक गुणस्तर सुधार गर्नका लागि जगैदेखि ध्यान दिनुपर्ने भन्दै विद्यालयले तालिम सुरु गरेको हो ।

विकासका लागि सहयोग र सहकार्य (हेल्कोड) नेपालको आयोजनामा पशुपतिनाथ मावि, सृजना प्रावि, चेपाङ प्रावि, नवज्योति प्राविका ईसीडी शिक्षकहरुलाई ५ दिने तालिम सुरु गरिएको हो । विद्यालयका प्रधानाध्यापक भानुभक्त आचार्यको सभाध्यक्षता र हेल्पकोड नेपालका कार्यक्रम निर्देशक भरत पाठक, कार्यक्रम संयोजक ईन्द्रप्रसाद पाण्डे, फिल्ड कर्मचारी विकास चेपाङले सहजीकरण गरिरहेका छन् ।

हेल्पकोड नेपालले मनहरी-४ र ३ का ४ वटा विद्यालयका बालबालिकालाई विद्यालय पोशाक तथा शैक्षिक सामग्री सहयोग गरिरहेको छ । हेल्पकोड स्वीटजरल्याण्ड र हेल्पकोड ईटलीको सहयोगमा हेल्पकोड नेपालले काठमाडौं, चितवन र मकवानपुर जिल्लाको शैक्षिक क्षेत्रमा काम गरिरहेको छ ।

# हातेमालोको १७ औं स्थापना दिवस

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/हातेमालो साकोसको १७ औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा हातेमालोका सेयर सदस्यहरुलाई हेटौंडा सहकारी अस्पतालमा हरेक उपचार सेवामा ७ देखि २० प्रतिशतसम्म छुट दिने सहमति भएको छ ।

संस्थाका अध्यक्ष हरि प्रसाद पौडेलको अध्यक्षता, सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष तथा जिल्ला सहकारी संघका अध्यक्ष नारायणप्रसाद देवकोटाको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो ।

कार्यक्रममा सुनौलो भविष्य स्वास्थ्य सहकारी संस्था तथा सहकारी अस्पतालका अध्यक्ष तथा हेटौंडा वडा नं.२ का वडाध्यक्ष विष्णुगोपाल महर्जन र सहकारीबीच सम्झौता भएको हो ।

कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघकी उपाध्यक्ष मीना चौरेल, राष्ट्रिय सहकारी बैंकका शाखाप्रमुख रामेश्वर पराजुली, नेस्कुन



फिल्डप्रमुख ज्योति महत, नमूना प्रगति साकोसका व्यवस्थापक वद्री भण्डारी, साइराम साकोसका उपाध्यक्ष सचिता भट्टराई, संस्थाका सल्लाहकार राजकुमार तिमल्सिना, खबर सहकारीका श्रीराम दाहाल, समृद्ध समाज दैनिकका रबिन्द्र थिङलगायतको उपस्थिति थियो ।

संस्थाका संचालक समिति, लेखासमिति, उपसमिति सदस्य तथा व्यवस्थापनको सहभागिता रहेको थियो । संस्थाका व्यवस्थापक रमलाकुमारी सापकोटाले सहकारी शिक्षा सचेतनाका बारेमा प्रस्तुति गरेकी थिइन् । सहकारीका सचिव केशवप्रसाद धिताल, कोषाध्यक्ष सीताराम दाहालले मन्तव्य राखेका थिए । सहकारीका ५६ जना शेयर सदस्यलाई बाटेको धुप बनाउने तालिम दिइएको थियो ।

# सांसदहरुले...

नेपाली कांग्रेसकी सांसद सुना परियारले कलेजको सामान्य खर्च तिर्न नसक्दा विद्यार्थीले आत्महत्या गर्नुपर्ने परिस्थिति बन्नुमा दोष गरिबी या शिक्षा नीति हो ? भन्दै प्रश्न गरेकी छन् । प्रदेश सरकारले गरिब पिछडिएको वर्गहरुको शिक्षाको पहुँच पुऱ्याउन पहल गर्नु पर्ने बताइन् ।

प्रदेश सरकारको बजेटले समानुपातिक ढंगबाट वितरण गर्न सक्नु पर्ने उनको भनाइ छ । विगतमा जस्तो असमान बजेट ल्याएर प्रदेशका नागरिकलाई विभेद गर्न नहुने उनले बताइन् । नेकपा माओवादी केन्द्रका सांसद मातृका भट्टराईले संघीयतालाई मास्ने गरी गरिएका विभिन्न अभिव्यक्तिलाई सरकारले काम गरेर गलत सावित गर्नुपर्ने बताए । नेकपा एकीकृत समाजवादीका सांसद बसन्तप्रसाद मानन्धरले संघीयता कार्यान्वयनको ६ वर्षको अवधिमा भौतिक, सामाजिक र सेवाप्रवाहको पहुँच वडा तहसम्म पुऱ्याउन सफल भएकाले प्रदेश संरचनाको अपरिहार्यतालाई पुष्टि गरेको बताए । त्यसैगरी, कांग्रेस सांसद रामकुमार पहाडीले भने जनताका माझमा संघीयता र राजनीतिक दलप्रति वितृष्णा पैदा भएको भन्दै जनतामा देखिएको वितृष्णालाई सम्बोधन गर्ने गरी सरकारको बजेट र योजनामा समेट्नुपर्ने उनको भनाई थियो ।

कांग्रेसका अर्का सांसद मधुकुमार श्रेष्ठले जनताको आवश्यकता पुरा गर्न पुँजीगत खर्च बढाउने र चालु खर्चलाई घटाउन सरकारले योजना ल्याउनु पर्ने धारणा राखे । त्यस्तै, बैठकमा एमालेका सांसदहरुले हाल नक्कली भुटानी शरणार्थी प्रकरणको छानबीन प्रक्रियामा सरकारको गतिविधि शंकास्पद रहेको विचार राखे । एमाले सांसद कृष्णप्रसाद सिलवालले सरकारमा बसेका पूर्वमन्त्री र सांसदहरु अनुसन्धानको दायरमा रहेको र सरकारले खुट्टा नकमाई अनुसन्धानलाई अघि बढाउनु पर्ने धारणा राखेका छन् । सबै मान्छेलाई एउटै ड्याङमा राखेर संघीयतामाथि नै आँच आउने गरी फसाउन पाइन्न भन्दै उनले सरकारलाई खबरदारी गरे ।

सभामुख भुवनकुमार पाठकले विशेष समय सकिएको घोषणा गर्दै कार्य व्यवस्था परामर्श समितिका सदस्य प्रदेश सांसद रामकृष्ण चित्रकार मन्त्री नियुक्ति भएकाले उनको ठाउँमा श्रीराम लामिछानेलाई र कुमारी तामाङ र गिरी बहादुर तामाङलाई कार्य व्यवस्था परामर्श समितिको सदस्यमा मनोनयन गरेका छन् । पाठकले कार्य व्यवस्था परामर्श समितिमा भएको हेरफेर तथा नयाँ सदस्य मनोनयमा सहमति जनाउन अनुरोध गरेका थिए । उक्त मनोनयनमा संसदले सहमति जनाएका थिए । प्रदेशसभाको अर्को बैठक जेठ ११ गते बिहीबार विहान ८ बजे बस्ने गरी बुधबारको बैठक स्थगित भएको छ । बिहीबार पनि विनियोजित विधेयकको सिद्धान्त र प्राथमिकता माथि छनफल हुने जनाइएको छ ।

# बिन्दबासिनीको सपथ लिने बाटो खुल्यो

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले समानुपातिक सांसदमा सिफारिस गरेका मक्वानपुरका बिन्दबासिनी कंसाकारले सांसादको सपथ लिने बाटो खुलेको छ । रास्वपाका निलम्बित सांसद डा.ढाकाकुमार श्रेष्ठको मुद्दामा सर्वोच्च अदालतका न्यायाधीशद्वय कुमार रेग्मी र नहकुल सुवेदीको इजलासले अन्तरिम आदेश दिन अस्वीकार गरे पछि कंसाकारको सपथ लिने बाटो खुलेको हो ।

मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँग रकमको माग गरेको अडियो सार्वजनिक भएसँगै राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिक सांसद डा. ढाकाकुमार श्रेष्ठलाई निलम्बन गरेको थियो ।

निलम्बनमा परेका श्रेष्ठको स्थानमा कंसाकारलाई सांसद पदमा स्थापित गर्ने रास्वपाले निर्णय गरेको थियो । सो निर्णयको जानकारी निर्वाचन आयोगलाई बुझाए लगत्तै आयोगले कंसाकारलाई सांसद पदमा निर्वाचित भएको प्रमाणपत्र दिएको थियो ।



सांसद पदबाट निलम्बन गर्ने पार्टीको निर्णयविरुद्ध सांसद पदमा पुनर्बहालीको माग गर्दै सर्वोच्च पुगेका श्रेष्ठको रिटमा अन्तरिम आदेश दिन सर्वोच्चले अस्वीकार गरेको हो ।

यसअघि सर्वोच्च अदालतले कंसाकारलाई सांसद पदमा निर्वाचित गर्ने आयोगको निर्णय यथास्थितिमा राख्न श्रेष्ठले रिट दायर गरेका थिए । उक्त रिटमाथि प्रारम्भिक सुनुवाइ गर्दै न्यायाधीश तिलप्रसाद श्रेष्ठको इजलासले तत्काल सांसद पद खारेजको निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो ।

# न्युरेनीमा शिवपुराण हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/हेटौंडा उपमहानगरपालिका-७, न्युरेनी चिसापानीमा रहेको पशुपतिनाथ मन्दिरमा शिवपुराण ज्ञान महायज्ञ हुने भएको छ ।

११ जेठबट २१ गतेसम्म शिवपुराण ज्ञान महायज्ञ हुने भएको हो । प्रमुख कथावाचक मनिषशरण खनाल र उपवाचक जीब्राज बखेलको मुखारबिंदबाट शिवपुराण कथावाचन र संगीतमय भजनकीर्तन हुने मन्दिर संरक्षण समिति तथा शिवपुराण ज्ञान महायज्ञ मूल सामारोह समिति संयोजक कृष्णप्रसाद घिमिरेले जानकारी दिए । मन्दिर क्षेत्रलाइ धार्मिक एवं पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न शिवपुराण ज्ञान यज्ञको आयोजना गरिएको घिमिरेले बताए ।

जेठ ११ गते विहान कलशयात्रा, १२ गते नित्य पूजा, हवन, कथावाचक, १२ गतेबाट २१ गतेसम्म कथावाचन, २० गते शिवलिंगमा १ हजार बेलीपुष्पअर्पण, २१ गते सामूहिक व्रतबन्ध कार्यक्रम रहेको घिमिरेले बताएका छन् । मकवानपुर गढी वडा नम्बर ३ र हेटौंडा-७ को सीमानामा अवस्थित यस मन्दिर क्षेत्रमा हाल पर्यटनलाई प्रवर्द्धन लागि मनकामना मन्दिर जान सिँढीको निर्माण भइरहेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाईं हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com



# अपाङ्गता क्षेत्रलाई सम्बोधन नगरेकोमा सांसदहरुको ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/बागमती प्रदेशका सांसदहरुलाई राष्ट्रिय अपाङ महासंघ नेपाल बागमती प्रदेशले ध्यानाकर्षण गराएको छ ।

प्रदेश सरकारको विनियोजन विधेयक-२०८० को सिद्धान्त र प्राथमिकतामा प्रस्तुत गरिएका बुदाँहरुमा सिमान्तकृत र पछाडि पारिएका वर्ग भनि गोलमटोल शव्दहरुको प्रयोग गरि प्राथमिकतामा राख्नुपर्ने अपाङ्गता भएका व्यक्तिहरुको वर्गलाई सम्बोधन नगरिएको प्रति राष्ट्रिय अपाङ महासंघ नेपाल बागमती प्रदेशले प्रदेश सांसदहरुको बुधवार प्रदेशसभा सचिवालयमै पुगेर ध्यानाकर्षण गराएको हो । अपाङ्गता भएका व्यक्तिको हक, हित र अधिकार संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनको लागि २०५० सालदेखि निरन्तर लागिपर्दै आएको तर, अझैसम्म पनि भौतिक संरचना लगायतको धेरै पाटोमा असहजता भोग्नु परेको महासंघका अध्यक्ष अश्विन लम्सालले बताएका छन् ।



महासंघले ६० जना प्रदेश सभा सदस्यलाई ध्यानाकर्षणपत्र बुझाएको लम्सालले बताए । 'आर्थिक विकासका लाभहरुको समन्यायिक वितरण र उत्पादनका साधनमा सीमान्तकृत समूह तथा समुदायको पहुँच अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ, अपाङ्गता भएका वर्ग, पिछडिएको क्षेत्र वर्ग र समुदायलाई आर्थिक गतिविधिमा मूलप्रवाहीकरण गरी समावेशी आर्थिक विकासको आधार तयार गरिनेछ" भनिएको प्रति महासंले ध्यानाकर्षण जनाएको हो । महासंघले 'प्रदेशको संस्थागत विकास र सबलीकरणको लागि प्रदेशका संरचनाको पुनरावलोकन गर्ने, कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने, प्रदेश मन्त्रालय निकाय र कार्यालयको पहुँचयुक्त भौतिक संरचना निर्माण गर्ने, प्रदेश कानून तर्जुमा गर्ने, प्रदेश सरकारको जनशक्ति व्यवस्थापन गर्ने, प्रदेशको सेवाप्रवाहलाई थप व्यवस्थित गर्न एकीकृत सेवा कार्यालय स्थापना गर्ने' भन्ने सिद्धान्त पछ्याउन माग गरेको छ ।

पूर्वाधार विकासअन्तर्गत प्रदेशको सन्तुलित आर्थिक विकासको लागि पहुँचयुक्त भौतिक पूर्वाधारको विकास गर्ने, प्रदेश राजधानीलाई संघीय राजधानीसँग जोड्ने सडकको निर्माण आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्ने, प्रदेश गौरव आयोजनाको निर्माण कार्य निर्धारित समयभित्र सम्पन्न गर्ने, अधुरा आयोजना सम्पन्न गर्ने, प्रदेश सडक गुरुयोजना अनसुार सडक निर्माण गर्ने, प्रदेश लोकमार्गहरुको विस्तार र स्तरोन्नति गर्ने, विद्यमान भौतिक पूर्वाधारको नियमित मर्मत सम्भार गर्ने भन्ने सिद्धान्त पछ्याउन पनि महासंघले माग गरेको छ ।

यसैगरी पर्यटन क्षेत्रको विकासतर्फ मौलिक कला, संस्कृति र ऐतिहासिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्ने, पर्यटकीय पहुँचयुक्त पूर्वाधार विकासमा लगानी गर्ने, धार्मिक तथा मनोरञ्जनात्मक पर्यटन विकास गर्ने, आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने, पर्यटन क्षेत्रलाई उद्योगको रुपमा विकास गर्नुपर्ने माग गरिएको छ ।

# बसको ठक्करबाट पैदलयात्रीको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकामा यात्रुबाहक बसको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ ।

वडा नम्बर-६ नयाँबस्तीमा गौरबाट काठमाडौंतर्फ जाँदै गरेको ना ५ ख १७४० नम्बरको यात्रुबाहक बसले ठक्कर दिँदा एक जना पैदलयात्रीको मृत्यु भएको हो । यात्रुबाहक बसले ठक्कर दिँदा मनहरी-७ सुनाचुरीकी ७१ वर्षीया मनमाया थिङको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । महिलाको हेटौंडा अस्पतालका डाक्टरहरुले मृत घोषणा गरेका थिए । बस र चालक भने प्रहरीको नियन्त्रणमा रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।


## हार्दिक सम्वेदना



स्व. आशा उपाध्याय

मकवानपुर उद्योग वाणिज्य संघ महिला उद्यमी विकास समितिका सभापति श्री अंकिता सुमार्गीको ममतामयी माता **आशा उपाध्याय**को असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत भएका छौं । शोकको यस घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछु ।

**सरिद्धि श्रेष्ठ (पूर्वसभापति)**
मकवानपुर उद्योग वाणिज्य संघ
महिला उद्यमी विकास समिति

## हार्दिक आमन्त्रण



स्व. आशा उपाध्याय

हाम्री ममतामयी आमा/सासुआमा **आशा उपाध्याय**को निधन भएको आज १३औं दिनको पुन्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै सागरमा पाल्नुहुने तथा किरियापुत्रीलाई समवेदना प्रकट गर्न पाल्नुभएका महानुभाव/शुभचिन्तक/आफन्त तथा इष्टमित्र बन्धुबान्धवहरुलाई निम्न मिति, समय र स्थानमा पितृप्रसाद ग्रहणको लागि सादर आमन्त्रण गर्दछु ।

**मिति :** २०८०/०२/११ बिहीवार
**स्थान:** गोरक्षश्वर दिव्य धाम, हेटौंडा-१०
**समय:** दिउँसो २:०० बजे

**राजकुमार उपाध्याय/
अंकिता सुमार्गी/अरूण राज सुमार्गी/
रोहित उपाध्याय/पूजा उपाध्याय**

## बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय मकवानपुर**

**स्वास्थ्य कार्यालय मकवानपुरद्वारा जनहितमा जारी गरिएको सन्देश:**

☞ आत्महत्याको सोच आउनु एक मानसिक स्वास्थ्य समस्या हुन सक्छ । मानसिक स्वास्थ्य सेवा र मनोपरामर्श लिएमा यो समस्या रोकथाम गर्न सकिन्छ ।
☞ आफुलाई हानि गर्ने वा आफ्नो जीवन समास पार्ने सोच आईरहेमा कुराकानी गर्न १९६६ नम्बरमा फोन गरौं । यो फोनबाट २४ सै घण्टा परामर्श सेवा लिन सक्नुहुन्छ र यसमा कुराकानी गर्दा कुनै शुल्क लाग्दैन ।

## रेडक्रस हेटौंडा उपशाखाको
**निर्वाचन सम्बन्धी सूचना !**

नेपाल रेडक्रस सोसाइटी हेटौंडा उपशाखा, हेटौंडा-४ को उपशाखा निर्वाचन तपशिल बमोजिमको मिति, समय र स्थानमा हुने भएकाले यस उपशाखा अन्तर्गतका सम्पूर्ण आजीवन सदस्यहरुलाई अनिवार्य उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**तपशिल**
**मिति:** २०८० साल जेठ १५ गते
**समय:** बिहान ७ बजे
**स्थान:** पशुपति मन्दिर, हेटौंडा-४
**सम्पर्क:** ९८५५०७२६६४ (शिवहरि दाहाल, सभापति),
९८५५०७१६५८ (किसन घिसिङ, सचिव)

**नेपाल रेडक्रस सोसाइटी,**
हेटौंडा उपशाखा, हेटौंडा-४


# ज्ञानदीप सहकारीमा पोखरेल निर्वाचित

साझाकुरा संवाददाता


हेटौंडा, १० जेठ/ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको अध्यक्षमा ऋषिराम उपाध्याय (पोखरेल) निर्वाचित भएका छन् ।

हेटौंडा-५, स्थित सहकारी सञ्चालक समितिको बुधबार भएको निर्वाचनमा पोखरेलले २ सय ३९ मत प्राप्त गरी विजयी भए । उनका प्रतिद्वन्द्वी गोविन्दप्रसाद चौलागाईले १ सय ३० मत प्राप्त गरेका छन् । सहकारीको उपाध्यक्षमा राजेश घिमिरेले २ सय १ मत प्राप्त पाउँदै जित हात पारे । उनका प्रतिद्वन्द्वी रामप्रसाद गजुरेलले १ सय ५१ मत पाए । सचिव पदमा लिलानाथ ढुगेल निर्वाचित भए । ढुंगेलले २ सय ३५ मत प्राप्त गर्दा दीपक खड्काले १ सय २५ मत पाए ।

सञ्चालक समितिको सदस्यमा खिलप्रसाद बराल (निमेष निखिल)ले ३ सय १४ मत, गमला राजभण्डारी (अस्मिता श्रेष्ठ)ले १ सय ८८ मत, जनकराज पन्तले २ सय ३९ मत, रमिलाकुमारी सापकोटाले २ सय ८ मत, लक्ष्मी दुलाल (गजुरेल)ले १ सय ८० मत, श्रीराम दहालले १ सय ७९ मत र सरस्वती ढकालले २ सय २५ मत प्राप्त गरी विजयी भएका छन् ।

सदस्यमा खेमराज लामिछाने, नेत्रप्रसाद ढुंगेल, प्रकाश बानियाँ, राजु अर्याल, विश्वनारायण श्रेष्ठ पराजित भएका छन् । सहकारीको लेखा समितिको सदस्यमा बासुदेव रिजाल, मिलन दुलाल विजयी भए । सदस्यमा बसन्तीकुमारी थापा (महत) पराजित भइन् । सहकारीको कोषाध्यक्षमा मोहनप्रसाद न्यौपाने र लेखा समिति संयोजकमा गौतम केसी सर्वसम्मत चयन भएको निर्वाचन अधिकृत ध्रुवप्रसाद चौलागाईले जानकारी दिए । सहकारीमा ५ सय ९६ जना शेयर सदस्य आवद्ध रहेकोमा ३ सय ८० मत खसेको थियो ।


## केदारनाथ सुनचाँदी पसल
हेटौंडा-१०, बसपार्क रोड




यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

**प्रो. राहुल सुनार**
मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५


प्रदेश खेलकुद विकास परिषद्
बागमती प्रदेश, हेटौडा
दोस्रो बागमती प्रदेश खेलकुद-२०८०
खेल तालिका

| खेल | | स्थान | ७ गते | ८ गते | ९ गते | १० गते | ११ गते | १२ गते | १३ गते |
|---|---|---|---|---|---|---|---|---|---|
| भलिबल | महिला | हुप्रचौर | उद्घाटन (५:३० बजे पिप्ले क्याम्प रंगशाला) | | | | | | समापन (५:३० बजे पिप्ले क्याम्प रंगशाला) |
| | पुरुष | हुप्रचौर | | | | | | | |
| फुटबल | महिला | गौरीटार | | | | | | | |
| | पुरुष | पिप्ले | | | | | | | |
| रग्बी | महिला | हुप्रचौर | | | | | | | |
| | पुरुष | हुप्रचौर | | | | | | | |
| बक्सिङ | महिला/पुरुष | हेटौंडा कभर्डहल | | | | | | | |
| कराँते | महिला/पुरुष | हुप्रचौर | | | | | | | |
| तेक्वान्दो | महिला/पुरुष | हुप्रचौर | | | | | | | |
| उसु | महिला/पुरुष | त्रिपुरेश्वर | | | | | | | |
| आई.टि.एफ तेक्वान्दो | महिला/पुरुष | हुप्रचौर | | | | | | | |
| जुडो | महिला/पुरुष | काठमाडौं | | | | | | | |
| ब्याडमिन्टन | महिला/पुरुष | थानाभन्याङ | | | | | | | |
| एथलेटिक्स | महिला/पुरुष | पिप्ले | | | | | | | |
| पौडी | महिला/पुरुष | सातदोबाटो | | | | | | | |
| क्रिकेट | महिला | चितवन | | | | | | | |
| | पुरुष | चितवन | | | | | | | |


"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
## आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

**प्रो. राजु सेन्चुरी**
सम्पर्क नं. :
९८४५५३०५६३, ९८१५२२४३४३

## सम्पूर्ण ब्राण्डका गाडी
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत



☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## घडेरीहरु बिक्रीमा

मुकुन्द कार्की :
९८५१०८९६३४,
९८०१०९८८६९

